# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मितिः २०७७।०५।१०

### प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ बेल्जियम शाखाकी कोषाध्यक्ष निलम सापकोटा घिमिरेलाई प्रकाशित समाचारको विषयलाई लिएर बीरेन्द्र मल्लगायतले धम्क्याएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालप्लस अनलाईनमा प्रकाशित 'बेल्जियममा तीन दर्जनभन्दा बढी नेपालीमा कोरोनाः चार आइसीयुमा' शीर्षक समाचारलाई लिएर पत्रकार सापकोटाको घरमै गएर निज मल्लगायतले अमर्यादित तरिकाले धम्क्याएको महासंघ बेल्जियम शाखाले जानकारी गराएको छ ।

संप्रेषित समाचारप्रति चित्त नबुझे सम्बन्धित अनलाइनमार्फत खण्डन गर्न सकिने वा कानुनबमोजिम जान सक्ने प्रावधान हुँदाहुँदै रातको समयमा पत्रकारको घरमै गएर अर्मादित तरिकाले धम्क्याएको यो घटना आफैंमा निन्दनीय र आपत्तिजनक छ । महासंघ प्रेसविरोधी यस्ता कार्य नदोहोऱ्याउन र प्रेसको सम्मान गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ ।

**रमेश विष्ट**

**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org